नेपाल सरकार

# स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

नेपाल सरकार
स्थानीय निकाय वित्तिय आयोगको सचिवालय
२०५८

पत्र संख्या ०७३।०७४
च.नं. ४०८

श्रीमहल , पूल्चोक

मिति :२०७३/१०/१९

**विषय : गाउँ विकास समितिहरुको न्यूशकाश सम्बन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालय**
**बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी ।**

प्रस्तुत विषयमा गत वर्षको मधेश आन्दोलनको कारण गाउँ विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधी, २०६६ (संशोधन र परिमार्जन सहित) मा उल्लिखित समयसीमा निर्धारण गरिएका कतिपय कृयाकलापहरु तोकिएको समय सीमाभित्र सम्पन्न हुन नसकेको कारण न्यूनतम शर्त पुरा नहुने अवस्था उत्पन्न हुने देखिएकोले यस विषयमा स्थानीय निकाय वित्तीय आयोगको मिति २०७३ माघ १० गते सम्पन्न बैठकमा छलफल हुँदा मधेश आन्दोलनको कारण तोकिएको समय सीमाभित्र सम्पन्न हुन नसकेका निम्नलिखित सूचकहरु सम्बन्धित मूल्यांकनकर्ताहरुबाट स्थलगत मूल्यांकनको क्रममा व्यहोरा एकीन गरी प्रष्ट रायका साथ प्रतिबेदन पेश भएको र तोकिएका कृयाकलापहरु २०७२ फाल्गुण मसान्तभित्र सम्पन्न भएको अवस्थामा सो सूचक पुरा भएको मानी सोही बमोजिम मूल्यांकन प्रतिबेदनलाई मान्यता दिने । तर, सम्पन्न गर्नुपर्ने कृयाकलाप नै नभएको अवस्थामा यस्तो छुट नदिने निर्णय भएको छ । तसर्थ, सबै जिल्ला विकास समितिहरुले कार्यविधीको दफा ५.९ बमोजिम गठित जिल्ला सुपरिबेक्षण समितिमा मूल्यांकनकर्ताबाट पेश भएको व्यहोरा उपर छलफल गरी मधेश आन्दोलनको कारण समयमै त्यस्तो सूचक पुरा गर्न नसकिएको व्यहोरा एकीन भएको अवस्थामा मात्र सोही बमोजिम नतिजा प्रकाशन गर्ने व्यबस्था मिलाउनु हुन आयोगको निर्णयानुसार अनुरोध छ ।

| न्यूनतम शर्त | सूचक नं. | कृयाकलाप | समय सीमा |
|---|---|---|---|
| | १.१ | गाउँ परिषद् सम्पन्न गर्ने | पौष मसान्तभित्र |
| | १.२ | स्वीकृत गाउँ विकास कार्यक्रमको विबरण जिविसमा पठाउने | माघ मसान्तभित्र |
| | २.१ | वार्षिक प्रगति समीक्षा गर्ने | कार्तिक मसान्तभित्र |
| | २.३ | वार्षिक प्रगति समीक्षाको प्रतिबेदन जिविसमा पठाउने | समीक्षा भएको ३० दिनभित्र |
| | ४.१ | लेखापरिक्षकको नाम स्वीकृतीका लागि जिविसमा सिफारिश गर्ने | कार्तिक मसान्तभित्र |
| | ६.१ | सा.सु. भत्ता पाउनेको विबरण अध्यावधिक गरी जिविसमा पठाउने | पौष मसान्त भित्र |
| | ६.३ | सा.सु. भत्ता वितरणको लागि जिविसबाट लिएको पेश्की फ.गर्ने | पेश्की पाएको ३५ दिनभित्र |

२०७३।१०।१९

..........................
विष्णुदत्त गौतम
(उप सचिव)

**Website: www.lbfc.gov.np**
**E-mail: info@lbfc.gov.np , fiscalcommission@gmail.com**
टेलिफोन नं : ९७७-१-५५२४७८८,५५२४९०९,५५२४४२४
फ्याक्स नं : ९७७-१-५५२००५५८